## सूचना १५

### म्याग्दी अस्पताल विकास समिति (गठन) आदेश २०६२

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम "म्याग्दी" अस्पताल विकास समिति (गठन) आदेश,२०६२" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "अस्पताल" भन्नाले "म्याग्दी" अस्पताल सम्झनु पर्दछ ।

(ख)"समिति" भन्नाले दफा ३ बमोजिम गठित "म्यादी" अस्पताल विकास समिति संझन पर्छ ।

३. **समितिको गठन** : (१) "म्याग्दी" अस्पताल विकास समिति नामको एक समिति गठन गरिएको छ ।

(२) उप-दफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन् :-

| | |
|---|---|
| (क) श्री ५ को सरकारबाट मनोनित व्यक्ति | -अध्यक्ष |
| (ख) अस्पताल रहेको क्षेत्रको सम्बन्धित नगरपालीका वा गाउं विकास समितिको प्रमुख वा अध्यक्ष | -सदस्य |
| (ग) जिल्ला विकास समितिको प्रतिनिधी | -सदस्य |
| (घ) जिल्ला प्रशासन कार्यालयका प्रतिनिधी (अधिकृत स्तर) | -सदस्य |
| (ङ) उद्योग वाणिज्य संघको सभापति | -सदस्य |
| (च) जिल्ला रेडकस सोसाइटीको अध्यक्ष | -सदस्य |
| (छ) अस्पताल रहेको क्षेत्रको सम्बन्धित वडाका महिला प्रतिनिधी | -सदस्य |
| (ज) स्वास्थ्य सेवामा संलग्न महिला मध्ये समितिले मनोनयन गरेको व्यक्ति | -सदस्य |
| (झ) अस्पतालको मेडिकल सुपरिटेण्डेन्ट | -सदस्य-सचिव |

(३) उपदफा २ को खण्ड (क) र (ज) बमोजिमका पदाधिकारीहरुको पदावधि दुईबर्षको हुनेछ ।

(४) श्री ५ को सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिको सदस्यहरुमा थपघट वा हेरफेर गर्न सक्नेछ ।

(५) समितिले आवश्यक देखेमा श्री ५ को सरकारको कुनै अधिकृत वा अन्य कुनै बिशेषज्ञलाई समितिको बैठकमा पर्यबेक्षकको रुपमा उपस्थित हुन आमन्त्रण गर्न सक्नेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) अस्पतालको व्यवस्थापन र संचालन गर्ने,

(ख) अस्पताल व्यवस्थापनको लागि दीर्घकालिन तथा अल्पकालिन योजना तर्जुमा गर्ने गराउने ,

(ग) अस्पताल व्यवस्थापन र संचालनको लागि आवश्यक श्रोत र साधन जुटाउने,

(घ) अस्पतालको बजेट स्वीकृत गर्ने,

(ङ) अस्पतालको सेवा शुल्क निर्धारण गर्ने ,

(च) अस्पतालको भौतिक सम्पत्तिको संरक्षण तथा मर्मत संभार गर्ने ,

(छ) अस्पतालको बार्षिक प्रतिवेदन श्री ५ को सरकार समक्ष पेश गर्ने ,

(ज) उपरोक्त कार्य कार्यान्वयनको लागि आवश्यक अन्य कार्यहरु गर्ने ।

५. **समितिको बैठक र निर्णय** : (१) समितिको बैठक समितिको अध्यक्षले तोके बमोजिम बस्नेछ ।

(२) समितिको एक तिहाइ सदस्यहरुले बैठकको लागि लिखित माग गरेमा समितिको सदस्य-सचिवले समितिको अध्यक्षलाई जानकारी दिई बैठक बोलाउनु पर्नेछ ।

(३) समितिको अध्यक्षको पद रिक्त रहेको अवस्थामा वा अध्यक्षको अनुपस्थितिमा समितिको सदस्य सचिवले समितिको बैठक आवश्यकता अनुसार बोलाउन सक्नेछ



२४३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) समितिको कूल सदस्यको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिका अध्यक्षले गर्ने छ र निजको अनुपस्थितमा समितिको सदस्यले आफुहरु मध्येबाट छानेको व्यक्तिले समितिको बैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको बैठकमा वहुमतको राय मान्य हुनेछ तर मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य-सचिवद्धारा प्रमाणित गरिनेछ ।

(८) समितिको बैठक कम्तिमा चार महिनामा एक पटक बस्ने पर्नेछ

(९) समितिको बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

६. **समितिको कोष** : (१) समितिको आफ्नो एउटा छुट्टै कोष रहने ।

(२) समितिको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् ।

(क) श्री ५ को सरकारबाट अस्पताल संचालनको लागी प्राप्त तलब,भत्ता वा अनुदानको रकम ,

(ख) अस्पतालको सेवा प्रदान गरे वापत प्राप्त रकम,

(ग) अन्य दातृसंस्था वा दाताहरुबाट प्राप्त हुने रकम,

(घ) अन्य श्रोतबाट प्राप्त रकम ।

(३) समितिको सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४) कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्थाबाट रकम प्राप्त गर्नु अघि श्री ५ को सरकारको पूर्व स्वीकृति प्राप्त गर्नु पर्नेछ ।

(५) समितिको नाममा कुनै बाणिज्य बैंकमा खाता खोली कोषको संचालन गरिनेछ ।

(६) समितिको कोषको संचालन अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(७) श्री ५ को सरकार, बिदेशी सरकार वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट जुन कार्यकमका लागि रकम प्राप्त भएको छ सो रकम सोही कार्यकममा खर्च गर्नु पर्नेछ ।

७. **लेखा र लेखापरिक्षण :** (१) समितिको आय व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरिका बमोजिम राखिनेछ ।

(२) समितिको लेखा परिक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

(३) श्री ५ को सरकारले चोहमा जुनसुकै बखत समितिको हिसाव किताव जांच्न वा जचाउन सक्नेछ ।

८. **कर्मचारी सम्बन्धी व्यवस्था** : समितिमा आवश्यकता अनुसार कर्मचारी नियुक्त हुन सक्नेछन् र निजहरुको सेवा र शर्त समितिले निर्धारण गरिदिए बमोजिम हुनेछ ।

९. **अधिकार प्रत्यायोजन** : समितिले आवश्यकता अनुसार आफ्नो अधिकार समितिको कुनै सदस्य वा सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१०. **श्री ५ को सरकारसँग सम्पर्क** : समितिले श्री ५ को सरकारसँग सम्पर्क राख्दा स्वास्थ्य मन्त्रालय मार्फत सम्पर्क राख्नुपर्नेछ ।

११. **निर्देशन दिने:** श्री ५ को सरकारले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र यसरी दिएका निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१२. **नियम बनाउन सक्ने :** समितिले आफ्नो कार्य संचालनका लागि आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम श्री ५ को सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।